
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ ३० गते बुधवार ❑ 12 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गण्डकी प्रदेशले कृषि र पर्यटनलाई प्राथमिकता दिंदै नीति तथा कार्यक्रम ल्यायो

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुतः गरेको छ । सरकारका तर्फबाट मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सभामा हस्तान्तरण गरेपछि नीति तथा कार्यक्रम प्रदेश प्रमुख डिल्लीराज भट्टले प्रस्तुत गर्नुभएको हो ।



उहाँले प्रस्तुत गर्नु भएको निती तथा कार्यक्रममा बिषेश गरी कृषि र पर्यटन क्षेत्रलाई प्रथामिकता दिएको पाइन्छ । "एक वडा एक उत्पादन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ भने किसानको उत्पादनलाई संकलन एवम् बजारीकरण गर्न स्थानीय तहको सहकार्यमा कृषि उपज संकलन केन्द्रको निर्माण र प्रत्येक निर्वाचन क्षेत्रमा कृषि सडक विस्तारको कार्यलाई प्राथमिकता दिइने उहाँले बताउनु भयो । बाँदरको अतिक्रमणबाट अत्यन्त प्रभावित क्षेत्रमा बालीनालीको संरक्षण गर्न समुदाय, स्थानीय तह र प्रदेश सरकारको साझेदारीमा आवश्यकताका आधारमा कृषि हेरालोको व्यवस्था गरिने आउदो बर्षको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

"प्रदेश सरकारको साझेदारी बाँझो रहन्न खेतबारी" भन्ने अभियानका साथ बाँझो जग्गालाई उपयोगमा ल्याई उत्पादन वृद्धि गर्न हावापानी, भौगोलिक उपयुक्तता र सम्भाव्यताका आधारमा खाद्यान्न, फलफूल, तरकारी, मसला, घाँसे बाली, गाँजा, अकबरे खुर्सानी, टिमुर आदिको उत्पादन कार्यलाई प्रोत्साहन गरिने भएको उहाँले प्रस्तुतः गरेको निती तथा कार्यक्रममा उल्लेख छ। तुलनात्मक लाभ र उच्च मूल्य हुने अलैंची, तुलसी पत्ता, अदुवा, बेसार, चिया, कफी, मह. छाला, पस्मिना जस्ता निर्यात योग्य बालीवस्तुको उत्पादन र बजारीकरण प्रवर्द्धन कार्यकमलाई विस्तार गरिने भएको छ भने कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकी कृषि बजारको ग्यारेन्टी गरिने भएको छ ।

प्रदेशका ३४ वटा स्थानीय तहमा पहाड़ी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना कार्यान्वयनमा ल्याइने भएको छ । कृषि प्रसार सेवामा कृषकको पहुँच अभिवृद्धि गरी व्यावसायिक कृषि तथा पशुपन्छी सम्बन्धी तालिम स्थानीयस्तरमा उन्नत कृषि प्रविधि प्रदर्शन तथा कृषकसँग विज्ञ जस्ता कार्यक्रम सञ्चालन गरिने प्रदेश प्रमुख भट्टले बताउनु भयो । माटो परीक्षण तथा मलको गुणस्तर नियमन सम्बन्धी कार्यक्रमलाई थप सघन तुल्याउन मोबाईल माटो अस्पताल सञ्चालन गरिने भएको छ ।कृषि सामग्रीको ओसार पसार गर्ने कार्यका लागि सम्भावनायुक्त ठाउँमा ग्राभिटी रोप वे सेवा सञ्चालन गरिने भएको निती तथा कार्यक्रममा समेटिएको छ। पशुको पूर्ण खोप कार्यक्रमलाई सबै स्थानीय तहमा अभियानको सुनिश्चितताका लागि बहु सरोकारवालासँग समन्वय गरिने भएको छ भने औषधिजन्य तथा उद्योगजन्य कच्चा पदार्थ उत्पादन प्रयोजनका लागि गाँजा खेतीको आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयन गरिने प्रदेश प्रमुख भट्टले उल्लेख गर्नु भयो ।

आउदो बर्षको निती तथा कार्यक्रमले उच्च उत्पादन क्षमता भएका उन्नत नश्लका गाईभैसीको संख्यात्मक तथा गुणात्मक बढोत्तरी गर्न पशु नश्ल सुधार कार्यक्रम उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम तथा पाडी वाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइने भएको छ । उच्च पहाडी क्षेत्रमा स्याउ, ओखर र खुर्पानी लगायत अन्य सम्भावनायुक्त शीतोष्ण फलफूल बालीको बगैचा स्थापना तथा विस्तारसम्बन्धी कार्यक्रम सञ्चालन गरिने भएको छ भने आँप, लिचीर केराको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न नयाँ बगैंचा स्थापना र पुराना बगैंचाको सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिइने भएको उहाँले जनाउनु भयो । किवी. एभोकाडो, सिउँडी फल (ड्रागन फ्रुट), मेकाडेमिया नट जस्ता फलफूलको सम्भाव्यताको आधारमा क्षेत्र विस्तार गरिने छ भने कृषकको आयआर्जन र जीविकोपार्जनमा सुधार ल्याउने विश्वास गरिएको प्रदेश प्रमुख भट्टले जनाउनु भयो ।

उच्च पहाडी क्षेत्रमा घुम्ती गोठ प्रणालीमा पालिने याक, भेडा, च्याङ्ग्रा, भोटे कुकुर जस्ता पशुपालन व्यवसायको प्रवर्द्धनका लागि प्राविधिक सेवा प्रवाह, चरन खर्क सुधार, विश्राम स्थलको निर्माण, गोठालो संरक्षण र पर्यापर्यटन विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिने भएको छ । पोखरी, धानखेत, प्राकृतिक तथा कृत्रिम जलाशय उपयोगमा ल्याई सम्भाव्यताका आधारमा उपयुक्त जातका माछापालन सम्बन्धी कार्यक्रम सञ्चालन गरिने भएको छ भने स्थानीय तहसँगको समन्वयमा भूमि बैंकको निर्माण गरी "एक निर्वाचन क्षेत्र एक प्रविधिमैत्री स्मार्ट कृषि फर्म" को सम्भाव्यता अध्ययन गरी सामूहिक एकीकृत कृषि विकास कार्यक्रम सञ्चालन गरिने निती तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

पदयात्रा तथा साइक्लिङका लागि उपयुक्त ठाउँको पहिचान गरी वैकल्पिक मार्गको व्यवस्था गरिने भएको छ भने गोरखाको मनास्लु लार्केपास मनाङ्ग मुस्ताङ्ग र कास्कीको अन्नपूर्ण संरक्षण क्षेत्रलाई उत्कृष्ट पदमार्गको रुपमा विकास गरिने साथै नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । जलजला ढोरपाटन हुँदै चुकीसम्म पर्यटन पदमार्गको रुपमा सम्भाव्यताको खोजी गरिने भएको छ । पर्यटन राजधानी पोखरालाई केन्द्रबिन्दुमा राखी "पोखरा जाऔ प्रकृति र संस्कृतिसँग रमाऔं" कार्यक्रम लागू गरिने भएको नीति तथा कार्यक्रममा समेटिएको छ । पोखरालाई पर्यटन राजधानी घोषणा गरे अनुरूप आवश्यक नीतिगत सुधार एवम् पर्यटनमैत्री वातावरण निर्माणमा जोड दिइने भएको छ । धार्मिक, सांस्कृतिक, आध्यात्मिक, ध्यान, योग, साहित्यिक, साहसिक र खेल पर्यटनको विकास गरिने भएको छ भने मुक्तिनाथ, विन्दवासिनी, मनकामना, गोरखकाली, गोरखनाथ, गलेश्वर, बाग्लुङ कालिका, भैरवस्थान, पञ्चकोट, पञ्चासे, दहरे देउराली, आलमदेवी, नुवाकोट कालभैरव, देवघाट, मौलाकालिका, गलेश्वर आश्रम, महेश आश्रम, हरिहरम ललितपुर आदि। प्रमुख धार्मिक स्थलहरुको प्रवर्द्धन गर्न विशेष पहल गरिनेछ।

आन्तरिक पर्यटन प्रवर्द्धन लागि "पहिले घरदेश अनि परदेश कार्यक्रम सवालन गरिने भएको नीति तथा कार्यक्रममा राखिएको छ । "उद्यमी बनौः स्वदेशमा केही गरौं भन्ने अभियान मार्फत युवा जनशक्तिलाई सीपमूलक तालिम, उद्यमशीलता विकास तथा प्रविधि सहितको स्वरोजगार हुने र स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सञ्चालन गर्न प्रोत्साहित गरिने भएको छ। वैदेशिक रोजगारीबाट प्राप्त भएको सीप, पूँजी, प्रविधिलाई आयआर्जन र उद्यमसँग जोडिने छ भने ग्रामीण क्षेत्रमा वृद्धिमुखी उद्यमशीलता र रोजगारी सिर्जनाका कार्यक्रम सञ्चालन गरिने भएको प्रदेश प्रमुख भट्टले जनाउनु भयो ।

"राउण्ड फेवा भ्यू फेवा" कार्यक्रमको कार्यान्वयनलाई निरन्तरता दिइनेछ भने चढ्खपुरदेखि मग्रेबगरसम्म पर्यटकीय आकर्षणको रूपमा ट्रस बृजको निर्माणका लागि आवश्यक पहल गरिने भएको छ। पोखरामा सुविधा सम्पन्न बहुतले पार्किङ भवन निर्माण कार्यलाई प्रोत्साहन गरिने भएको छ।

एक घर एक धारा र उज्यालो गण्डकी प्रदेश अभियान सफल पार्ने लक्ष्य राखिएको छ। गण्डकी प्रदेशलाई आत्मर्निभर र समुन्नत बनाउन समुन्नितिको खाकाका रुपमा दोश्रो पञ्चबर्षीय योजना तर्जुमा गरी कार्यान्वयन गरिने भएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन


बाँकी अन्तिम पृष्ठमा ▶▶


## नेकपा एसले सर्वसम्मतिमा नेतृत्व चयन गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पार्टीको आसन्न १०औं राष्ट्रिय महाधिवेशनले सर्वसम्मतिबाट नेतृत्व चयन गर्ने बताउनुभएको छ।

पार्टीको गण्डकी प्रदेश कमिटीको नवौं पूर्ण बैठकलाई आज पोखरामा सम्बोधन गर्दै उहाँले महाधिवेशनका लागि एउटै दस्तावेज आएको र नेतृत्व पनि सर्वसम्मत रुपमा चयन गरिने र सर्वसम्मतका लागि आफू बाधक नबन्ने बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को आगामी असार १६ देखि काठमाडौंमा राष्ट्रिय महाधिवेशन हुँदैछ । अध्यक्ष नेपालले भन्नुभयो, "पार्टीको तल्ला कमिटी तथा सात वटै प्रदेश कमिटीहरूले सर्वसम्मत नेतृत्व चयन गर्न नेताहरूलाई आग्रह गरेका छन् । हामी कार्यकर्ताहरूको भावना अनुसार सर्वसम्मत रुपमा नेतृत्व चयन गर्नेछौं ।"

अध्यक्ष नेपालले मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादको कार्यक्रमको सान्दर्भिकता अझै पनि उत्तिकै रहेको बताउनुभयो । "कम्युनिष्ट पार्टीभित्र लोकतान्त्रिक प्रतिस्पर्धा हुने, कामको श्रेष्ठताको आधारमा नेतृत्वमा पुग्ने लगायतका विषय सान्दर्भिक छन् । जवज पार्टीको कार्यक्रम हो। "अध्यक्ष नेपालले भन्नुभयो। अध्यक्ष नेपालले सवै राजनीतिक पार्टीको अवस्था उस्तै रहेकाले उच्च मनोवलका साथ गण्डकी प्रदेशमा पार्टीको काममा लाग्न नेता तथा कार्यकर्ताहरूलाई आग्रह गर्नुभयो ।

बैठकमा पार्टी स्थायी कमिटीका सदस्य तथा गण्डकीका इन्चार्ज तुल वहादुर गुरुङ, पार्टी गण्डकी प्रदेशका अध्यक्ष श्रीनाथ बराल, केन्द्रीय सदस्य एवं पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले मजवुत पार्टी निर्माणका लागि सङ्गठन विस्तारमा जोड दिनुपर्ने बताउनुभएको थियो ।

## मन्त्रीद्वय गुरुङ र देवकोटाद्वारा शपथ

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ

गण्डकी प्रदेश सरकारका नवनियुक्त मन्त्रीद्वय राजीव गुरुङ (दीपक मनाङे) र फणिन्द्र देवकोटाले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको सभाकक्षमा आयोजित एक समारोहकाबीच गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले उहाँहरूलाई पद तथा गोपनीयताको शपथग्रहण गराउनुभएको हो ।



मन्त्री गुरुङले भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ। उहाँले यसअघि पनि मन्त्रीको जिम्मेवारी सम्हालिसक्नुभएको छ । साथै मन्त्री देवकोटाले ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ ।

सो समारोहमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, सभामुख कृष्णप्रसाद धिताल, प्रदेश सरकारका मन्त्री, उच्चपदस्थ अधिकारीलगायतको उपस्थिति थियो ।

## नेपालले विश्वकपको दोस्रो खेल श्रीलङ्कासँग खेल्ने

**रासस**
पोखरा, २९ जेठ

आइसिसी पुरुष टि ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह चरणको आफ्नो दोस्रो खेलमा नेपालले भोलि टेस्ट मान्यता प्राप्त राष्ट्र श्रीलङ्कासँग खेल्दैछ ।

अमेरिकाको फ्लोरिडास्थित ब्रोआर्ड काउन्टी रङ्गशालामा हुने उक्त खेल नेपाली समयअनुसार बुधबार बिहान ५:१५ बजेदेखि सुरु हुनेछ । सिनियर क्रिकेट प्रतियोगितामा नेपाल र श्रीलङ्का पहिलो पटक आमनेसामने हुन लागेका हुन । त्यसो त उमेर समूहमा भने यी दुई टोलीबीच पटक-पटक भेट भएको थियो । नेपालले टेष्ट राष्ट्र श्रीलङ्कालाई हराउँदै आफनो विश्वकप यात्रालाई अगाडि बनाउने कोसिसमा रहनेछ ।


त्यसैगरी लगातार दुई खेलमा पराजित श्रीलङ्काले पनि नेपाललाई हराउदै विश्वकपको अघिल्लो चरण प्रवेशको सम्भावनालाई जीवितै बनाउन चाहन्छ। नेपाललाई विश्वकपको सुपर आठमा प्रवेश गर्नका लागि पनि बाँकी खेल जित्नुपर्ने दबाब छ। विश्वकपमा प्रत्येक समूहका शीर्ष दुई टोली अर्को चरणमा पुग्ने प्रावधान छ।

नेपाल आफ्नो पहिलो खेलमा नेदरल्यान्डसँग ६ विकेटले पराजित भएको थियो । यता श्रीलङ्काको दक्षिण अफ्रिकासँग छ विकेट र बङ्गलादेशसँग दुई विकेटले पराजित भएको थियो ।

नेपाली टोलीका कप्तान रोहितकुमार पौडेलले श्रीलङ्काविरुद्धको खेल नेपालका लागि टेस्ट राष्ट्रविरुद्ध जीत हासिल गने पहिलो अवसरको रुपमा रहेको बताउनुभयो । उहाँले विश्वकप क्रिकेट प्रतियोगितामा एशो


बाँकी अन्तिम पृष्ठमा ▶▶





# गणेशमान पालिखेको १९ औं स्मृति दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ



जनप्रिय बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले गणेशमान पालिखे विचारमा प्रजातन्त्रवादी र कामले क्रान्तिकारी भएको बताए।

मानित विश्वविद्यालय उन्मुख जनप्रिय बहुमुखी क्याम्पसका संस्थापक क्याम्पस प्रमुख गणेशमान पालिखेको १९ औं स्मृति दिवसका सन्दर्भमा बोल्दै विजुक्छेले भने, २०३९ सालमा पृथ्वीनारायण क्याम्पसमा म उहाँको चेला थिएँ, २०४८ सालमा जनप्रिय क्याम्पस स्थापना भएपछि साथी भएँ । पारिवारिक रूपमा नातेदार र आफ्ना राजनीतिक गुरु भए पनि उहाँ क्याम्पस प्रमुख र म जनप्रतिनिधि हुँदा भवन निर्माणका क्रममा सँगै मुद्धा खेपेका छौं । क्याम्पस कै लागि ज्यानको आहुति दिएका पालिखे शिक्षामै सहादत पाएका क्रान्तिकारी व्यक्तित्व भएको जानकारी दिए।

सिर्जना विकास केन्द्रका अध्यक्ष एवम् सञ्चालक समितिका सदस्य विष्णुप्रसाद बरालले क्याम्पस स्थापना गर्दा अमेरिकाबाट उच्चशिक्षा लिएका स्व.प्रेमनारायण बराल संस्थापक अध्यक्ष र जर्मनीबाट व्यवस्थापन विषयमा उच्चशिक्षा लिएका स्व. गणेशमान पालिखे संस्थापक क्याम्पस प्रमुख पाउँदा नै क्याम्पसले गतिलिएको बताए। बरालले शिक्षक कर्मचारी संस्था र समाज केन्द्रित भए व्यक्तिगत समस्या नरहने हुँदा क्याम्पसको हितमा काम गर्न आग्रह गरे।

पूर्व क्याम्पस प्रमुख माधवप्रसाद घिमिरेले गणेशमान पालिखेको जीवनी व्यक्तित्वमाथि प्रकाश पार्दै पालिखेले नेपालभरि कै शिक्षा क्षेत्रमा व्यवस्थापन सङ्कायको खाँचो पुष्टि गर्दै काठमाडौं बाहिर पहिलो पटक पोखरामा बिबिए कार्यक्रम ल्याएको स्मरण गरे । पब्लिक क्याम्पस सङ्घको संस्थापक अध्यक्ष भएर मुलुकभरिका सामुदायिक क्याम्पसको स्थापना र सञ्चालनमा पालिखेले गरेको योगदान संभनालायक भएको बताए। सल्लाहकार डा.वीरबहादुर कार्की, निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्का, सहायक क्याम्पस प्रमुख मेखराज पौडेल, प्रशासक एकनारायण अर्याल, पब्लिक क्याम्पस प्राध्यापक सङ्घ जनप्रिय एकाइका अध्यक्ष विकास थापामगर, कर्मचारी सङ्घ जनप्रिय एकाइका अध्यक्ष देवी पनेरु लगायतका वक्ताले क्याम्पसलाई मानित विश्वविद्यालय बनाउनका निम्ति संस्थापक क्याम्पस प्रमुख पालिखेले जस्तै व्यक्तिगत स्वार्थभन्दा माथि उठेर कार्यसम्पादन गर्दा गन्तव्यमा पुगिने विचार राखे । स्वर्गीय पालिखेको संभनामा बिबिए तथा पुस्तकालय भवनलाई गणेशमान पालिखे स्मृति भवन नामाकरण गरिएको छ । पालिखेकी धर्मपत्नी गङ्गादेवी पालिखेले पति गणेशमानको संभनामा परिवारका तर्फबाट ४ लाख रूपैयाँको अक्षयकोष स्थापनाको गरेकी छन् । उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक र कर्मचारीलाई पुरस्कृत गने उद्धेश्यले कोष स्थापना भएको जानकारी सहायक प्रशासक महादेवकुमार पालिखेले जानकारी दिए।

समुदायले स्थापना गरेको क्याम्पसमा समुदायले दिएको जिम्मेवारी पालिखेले आफ्नो भौतिक शरीर रहँदासम्म इमान्दारितापूर्वक बहन गरे । उनमा नेतृत्व क्षमता र कार्य दक्षता थियो भन्ने पुष्टि गरेका थिए । विश्वविद्यालय अनुदान आयोगबाट दुई पटकसम्म गुणमापन तथा प्रत्ययानको प्रमाणपत्र पाउन र शिक्षा मन्त्रालयबाट दुई पटक मुलुकभरिका सामुदायिक क्याम्पस मध्ये उत्कृष्ट पुरस्कार प्राप्त गर्न सफल क्याम्पसको मेरुदण्डका रूपमा पालिखेले खेलेको भूमिका स्मरण गर्न लायक छ ।

२०६२ जेठ २९ गते तत्कालीन विद्रोही समूहले गणेशमान पालिखेलाई उनकै निवास अगाडि नागढुङ्मा गोली हानी हत्या गरेको थियो । शिक्षामै सहादत प्राप्त गरेका कारण सरकारले उनलाई शैक्षिक सहिद घोषणा गरेको हो । कास्की जिल्लाबाट २०२२ सालमा एम.कम. पास गने उनी पहिलो व्यक्ति हुन । २०२३ सालमा पश्चिम जर्मनीबाट औद्योगिक व्यवस्थापनमा स्नातक गरेका पालिखेले २०३० देखि २०३२ सालमा पृथ्वीनारायण क्याम्पसको प्रमुख भएर काम गरेका थिए । २०४६ सालमा स्वेच्छिक अवकाश लिएपछि उद्योगमा होमिएका पालिखेलाई जनस्तरबाट स्थापित जनप्रिय बहुमुखी क्याम्पसको संस्थापक क्याम्पस प्रमुखका लागि प्रस्ताव गरेपछि १४ वर्ष निरन्तर क्याम्पस हाँकेका थिए ।

# पोखरा यूनाइटेड एकेडेमीको विभिन्न खेलकुद प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ




पोखरा १२ भद्रकाली मार्गमा रहेको पोखरा यूनाइटेड एकेडेमीको आयोजनामा पोखरामा विभिन्न खेलकुद प्रतियोगिता २०८१ सम्पन्न भएको छ । छात्र तर्फको फुटवल खेलमा स्टेप वाई स्टेप बोर्डिङ स्कुलले जित हासिल गरेको छ ।

मंगलबार भएको फाइनल खेलमा स्टेप वाई स्टेपले पोखराकै रतुवा फुटवल क्लवलाई टाईब्रेकरमा ५–४ को गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो। निर्धारित समयमा दुबै तर्फ गोल हुन नसके पछि खेल टाईब्रेकरमा धकेलिएको थियो । विजेता टिम स्टेप वाई स्टेपले नगद ११ हजार र उपविजेता रतुवाले भने १० हजारको साथमा ट्रूफी, मेडल र प्रमाण पत्र प्राप्त गर्‍यो ।

अन्तर बिद्यालय स्तरिय हाजिर जबाफ प्रतियोगितामा अम्मरसिंह नमुना मावि प्रथम भएको छ । अम्मरसिंहले २ सय ४० अंक ल्याउदै प्रथम हुदा १ सय ५५ अंक सहित न्यू मोडल स्कुल भने दोश्रो हुन सफल भयो । प्रतियोगितामा बिजेताले ४ हजार र उपविजेताले भने २ हजार नगद पुरस्कार प्राप्त गर्नु भएको छ । अम्मरसिंहको टिममा सृजन शर्मा, दिप्लभ रेग्मी र सौगात सुवेदी रहनु भएको थियो भने न्यू मोडल स्कुलको टिममा अरिज पोखेल, अन्दिज बस्ताँकोटी र हितमान गुरुङ रहनु भएको थियो ।

विजेता प्रतियोगिहरुलाई समापन समारोहका प्रमुख अतिथि पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्य, पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदार, फुलकन्ट्याक कराँते महासंघ गण्डकीका अध्यक्ष लक्ष्मण कुवंर, बिद्यालयका अध्यक्ष शिव बहादुर भण्डारी लगायतले पुरस्कार वितरण गर्नु भएको थियो । सोमबार भएको फाइनल खेलबाट छात्र तर्फको भलिवल खेलमा बागलुङको जुनियर युथ समुह प्रथम भएको थियो । सोमबार भएको छात्रा तर्फको बास्केटवल प्रतियोगितामा मर्दी ए को समुहले उपाधि जितेको हो । त्यसै गरी छात्र तर्फको बास्केटवल प्रतियोगितामा मनकामना बोर्डिङ स्कुलले उपाधि जितेको बिद्यालयका शिक्षक फणिन्द्रराज पौडेलले बताउनु भयो ।

बिद्यार्थीहरुको शिक्षासंगै खेलकुदको विकास गराउने उद्धेश्यले विभिन्न खेलकुद प्रतियोगिता आयोजना गरिएको बिद्यालयका सहप्रध्यानाध्यापक देवेन्द्र अधिकारीले बताउनु भयो । शनिबार देखि सुरु भएको उक्त प्रतियोगिता ४ दिनसम्म संचालन भएको बिद्यालयका प्रिन्सिपल बयान बहादुर गोदारले बताउनु भयो ।

## गण्डकी ...

भएका विद्यालयमा 'सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम" लाई निरन्तरता दिइने भएको छ भने स्थानीय तहसँगको समन्वय र सहजीकरणमा गण्डकी प्रदेश भित्रका विभिन्न विद्यालयका असल अभ्यास प्रवर्द्धन गरिने भएको छ । डिजिटल गण्डकीः बढाउनु छ रोजगारी र समुन्नति नारालाई मूर्त रूप दिन युवा तथा विद्यार्थीलाई प्रविधिमा दक्ष बनाउन प्रविधिमैत्री सिकाइ कार्यक्रम र फ्राइडे फर फ्यूचर कार्यक्रमलाई निरन्तरता दिइने भएको नीति तथा कार्यक्रममा समेटिएको छ । पठन संस्कृतिलाई प्रवर्द्धन गरी विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न शिक्षक माझ "सिकाउनका लागि पढौं" अभियान सञ्चालन गरिने भएको छ भने गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको भौतिक संरचना निर्माण, नवीनतम् प्रविधिका विषयमा पाठ्यक्रम निर्माण र तालिम सामग्री विकास गरी मागमा आधारित सीपमूलक तालिमको व्यवस्था मिलाइने भएको छ । प्रतिष्ठानलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा संचालन गरी रोजगारी र उद्यमशीलता विकासका लागि आवश्यक सीप, पूँजी र व्यावसायिक तालिमको व्यवस्था गरिने भएको छ ।

बजारको माग एवम् प्रदेशको आवश्यकतालाई मध्यनजर गर्दै सीपमूलक जनशक्ति विकासका लागि औद्योगिक प्रशिक्षार्थी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिने भएको छ । "उत्पादनसँग युवा अभियान" सञ्चालन गरी युवालाई उद्यमशीलतातर्फ प्रोत्साहन गरिने भएको प्रदेश प्रमुख भट्टले जनाउनु भयो । सुरुवाती व्यवसाय गर्न चाहनेका लागि बीउ पूँजी सहुलियत पूर्ण व्याजदरमा सहजरुपमा उपलब्ध गराईने भएको छ । बौद्धिक अपाङ्गता एवम् अटिजम भएका बालबालिकाको शैक्षिक अधिकार सुनिश्चितताका लागि नेपाल सरकारसँगको सहकार्य र साझेदारीमा प्रदेशस्तरमा सुविधा सम्पन्न आवासीय विद्यालय निर्माण एवम् सञ्चालन गर्ने व्यवस्था मिलाइने भएको आउदो बर्षको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । स्वस्थ जीवन, हाम्रो अभियान मार्फत नागरिक शिक्षा, अभिभावक शिक्षा साथै ध्यान तथा योग शिविर सहितको गण्डकी जागरण अभियान सञ्चालन गरिने छ भने जातीय भेदभाव तथा छुवाछुत लगायतका शोषण एवम् विभेदको अन्त्यका लागि सामाजिक जागरण अभियान तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने भएको छ । स्थानीय तहको सहकार्यमा पोखरामा वृहत ध्यान केन्द्र स्थापना गर्ने कार्य प्रारम्भ गरिने भएको हो । महिला सशक्तिकरण मार्फत हरेक क्षेत्रमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक मूलप्रवाहीकरण तथा सारभूत लैङ्गिक समानताका कार्यक्रम कार्यान्वयन गरिने भएको प्रदेशको नीति तथा कार्यक्रममा उल्लेख छ।

ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइने भएको छ भने हाल सञ्चालनमा रहेका ज्येष्ठ नागरिक आश्रमहरूको संस्थागत सुदृढीकरण गर्दै ज्येष्ठ नागरिकको हित अधिकार प्रवर्द्धन गरिने भएको छ । अपाङ्गता भएका व्यक्ति, दलित र पिछडिएको समुदायको अधिकार संरक्षण, संवर्द्धन तथा सशक्तिकरण कार्यक्रमलाई जोड दिने भएको छ।

## नेपाल ...

सिएट राष्ट्रले पनि टेस्ट राष्ट्रलाई पराजित गरेको इतिहास रहेको भन्दै आफ्नो टोलीले उच्च मनोबलका साथ श्रीलङ्का विरुद्धको खेलमा जित निकाल्ने विश्वास व्यक्त गर्नुभयो । विश्वकप अघि नेपालले फ्लोरिडामै क्यानडाविरुद्ध एक अभ्यास खेल खेलेको थियो । जसमा नेपाल क्यानडासँग पराजित भएको थियो ।

फ्लोरिडामै श्रीलङ्काले भने दुई अभ्यास खेल खेलेको थियो। पहिलो खेलमा नेदरल्यान्ड्ससँग हारेको श्रीलङ्काले दोस्रो खेलमा आयरल्यान्डलाई पराजित गरेको थियो । विश्वकपमा नेपालको यो दोस्रो सहभागिता हो । यसअघि नेपालले सन् २०१४ मा पहिलो पटक विश्वकप खेलेको थियो । घरेलु मैदानमा भएको एसिया छनोट खेलमा नेपालले संयुक्त अरब इरिरेट्स (यूएई) लाई सेमिफाइनलमा पराजित गर्दै दोस्रो पटक विश्वकपमा स्थान पक्का गरेको थियो।

# विपद् व्यवस्थापन, पूर्व तयारी तथा प्रतिकार्य तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ



नेपाल रेडक्रस सोसाईटी उपशाखा-१ बगरको आयेजनामा विपद् स्वयंसेवकहरुका लागि विपद व्यवस्थापन, पूर्व तयारी तथा प्रतिकार्य तालिम सम्पन्न भएको छ।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१,बगर सहकार्य तथा पोखरा महानगरपालीका वडा नं. १, को सहयोगमा भएको दुइ दिने विपद व्यवस्थापन तालिममा ४४ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै पोखरा महानगर पालिका वडा नं. १ का वडा अध्यक्ष साहारा प्रधानले वर्षासँगै प्राकृति प्रकोपको डर हुने भएकोले पूर्व सतर्कता अपाउने यो तालिम फलदायी हुने बताउनुभयो ।

तालिममा नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा कास्कीका प्रमुख प्रशिक्षक नवराज भण्डारी र सुनिता पौडेलले विपद परिभाषा, विपद सम्बन्धि शब्दावली, विपद चक्र र पूर्व तयरी, विपद सम्बन्धी राज्यको नितिगत व्यवस्था, नेपालमा आईपने भुकम्प, आगलागी, सडक दुर्घटना, बाढी पहिरो र महामारी लगाएतका विषयहरूमा प्रशिक्षण दिनुभएको थियो ।


नेपाल रेडक्रस सोसाईटी पोखरा-१ उपशाखा कास्कीका सभापती जीवन अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा भिमकाली मार्ग साझेदारी टोल विकास संस्थाकी उमा शाही, शान्ति टोल विकास संस्थाका निवर्तमान अध्यक्ष विजय शाही सल्लाहकार रामभुषण पराजुली , राष्ट्रिय मावी का प्रचार्य इश्वरी सापकोटा सामुदायि सेवा केन्द्र वगरका अध्यक्ष राम प्रसाद अधिकारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम बिक्रम राणा, वडा प्रहरी कार्यालय बगर प्रमुख प्रहरी निरीक्षक बोधराज रेग्मी, नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा कास्कीका उपसभापति उर्मिला खड्का, उप सचिव कल्पना आचार्यले बोल्नु भएको थियो ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा**

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी **डा. राजिव घिमिरे** पोखरामा यही **मिति असार १ गते शनिबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :

| | |
|---|---|
| पाइल्स | :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि । |
| फिस्टुला | :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने |
| फिसर | :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने |
| ग्याष्ट्रिक | :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने |
| अन्य रोगहरु | :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि |

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्धारा विना अपरेशन उपचार गरिन्छ ।

**बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म**

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर।
- पल क्लियेरोई

## सम्पादकीय

# मोदीको तेस्रो कार्यकाल

दसवर्षदेखि बहुमतको सरकार चलाएका भारतीय जनता पार्टीका नरेन्द्र मोदी यस पटक गठबन्धनको बलमा प्रधानमन्त्रीभएकाछन ।कुनै पनि राजनीतिक दलको स्पष्ट बहुमत नभएकाले गठबन्धन सरकार बनाउनु पर्ने बाध्यता थियो। १९ अप्रिलदेखि १ जुनसम्म सात चरणमा भएको निर्वाचनमा क्षेत्रीय दलहरू निर्णायक देखिए 'अबकी बार चार सय पार'को नारा अघि सारेको भाजपालाई ठूलो धक्का लागेको छ। उसले सामान्य बहुमतको अंक पनि जुटाउन सकेन। कांग्रेस आई नेतृत्वको विपक्षी गठबन्धन भाजपालाई एकल बहुमत पुग्न नदिन सफल भएको छ।

निर्वाचनपूर्व नै भारतीय जनता पार्टी नेतृत्वमा राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडिए) र भारतीय राष्ट्रिय कंग्रेस नेतृत्वको इन्डियन नेसनल डेभलपमेन्टल इन्क्लुसिब अलायन्स (आइएनडिआइए) गठबन्धन बनाएर मैदानमा उत्रेका थिए। यसैका आधारमा भाजपा नेतृत्वको एनडिएले बहुमतको अंक पार गरेको हुँदा नरेन्द्र मोदी तेश्रो पटक प्रधानमन्त्री बनेका छन् । सन् २०१४ र २०१९ मा एकल बहुमत लिएको भाजपालाई सरकार बनाउन धेरै दलको समर्थन चाहिने भएको छ। प्रधानमन्त्री मोदीले यसपटक एनडिए गठबन्धनले चार सय सिटभन्दा बढी जित हासिल गर्ने दाबी गरेका थिए। तर, गठबन्धन तीन सयको अंक भेटाउन पनि असफल भएको छ। निर्वाचनमा ९७ करोड मतदाता थिए। तर, मतदानको प्रतिशत अपेक्षाकृत थिएन।

दुई चुनावमा एक्लै बहुमत हासिल भएको भाजपा बहुमतबाट घटेर भारतको सबैभन्दा ठूलो दलमा सीमित भएको छ। भाजपाले सत्ताको दुरुपयोग गरेर विपक्षीमाथि उत्पीडन गरेको आरोप थियो। विपक्षी दलहरूले मोदीको कार्यशैलीको आलोचना गर्दै आएका थिए। अब संसदमा सशक्त प्रतिपछी खडा भएको छ। ५४३ भारतीय लोकसभामा सरकार गठन गर्न आवश्यक २७२ मत चाहिन्छ। एनडिए गठबन्धनको २९२ सिट छ। एनडिए गठबन्धनले नरेन्द्र मोदी अघि सारेर सरकारले गल्ती सच्च्याउने मौका पाएको छ। भाजपाले बिहारकेन्द्रित नीतीश कुमार नेतृत्वको जनता दल युनाइटेड र आन्ध्र प्रदेशकेन्द्रित चन्द्रबाबु नायडु नेतृत्वको तेलुगुज२०१४ मा भाजपाले २८२ र सन् २०१९ मा ३०३ सिट जितेको थियो। यसअघि दुवै चुनावमा एनडिए गठबन्धनको सिट संख्या तीन सय नाघेकोमा यसपटक तीन सयभन्दा कम संख्यामा सीमित भएको छ।

भाजपाको पकड विस्तार भएको मानिएको उत्तर प्रदेशमा भाजपाले धक्का पाएको छ। समाजवादी पार्टीले प्रभावशाली उपस्थिति देखाएको छ। राम मन्दिरलाई भाजपाले चुनावी एजेन्डा बनाए पनि मतदाताले त्यसमा भोट हालेका छैनन्। धर्मको आधारमा जनतालाई तान्ने षडयन्त्र हो। स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरू १५ अगस्ट १९४७ देखि २७ मे १९६४ सम्म १७ वर्ष भारतका प्रधानमन्त्री थिए। नेहरूपछि तेस्रो कार्यकालका लागि मोदी प्रधानमन्त्री हुने भन्दै प्रधानमन्त्री मोदीले यसलाई यस निर्वाचनको महत्वपूर्ण पहेलु भनेका थिए हुने मौका पाएका छन। सुरुमा तत्कालीन प्रधानमन्त्री अटल बिहारी बाजपेयी नेतृत्वमा एनडिए गठन भएको थियो। बाजपेयीकै नेतृत्वमा सन् १९९८ देखि २००४ सम्म भारतमा एनडिए गठबन्धनको सरकार गठन भएको यियो। २००४ मा भारतीय राष्ट्रिय कंग्रेस नेतृत्वको युनाइटेड प्रोग्रेसिभ एलाइन्स (युपिए)मा सरकार गठन भएपछिको दश वर्ष एनडिए प्रतिपक्षमा थियो।

सन् २०१४ यता दुई कार्यकालमा बहुमत आए पनि उसले एनडिए साझेदार दललाई सरकारमा सहभागी गराएको थियो। यसपटक एनडिए गठबन्धनमा भाजपासँग तेलगु देसम पार्टी, जनता दल युनाइटेड, पाटली माकाल काची, द रिपब्लिकन पार्टी अफ इन्डिया आठवाले ग्रुप, शिवसेनालगायत छन्। यसपटकको निर्वाचनमा भारतीय राष्ट्रिय कंग्रेसले पछिल्ला दुई लोकसभा चुनावमा भन्दा उत्साहजनक नतिजा हासिल गरेको छ। यद्यपि, कंग्रेसले सयको संख्या पार गर्न सकेको छैन। कांग्रेससहितको गठबन्धन इन्डियामा आबद्ध समाजवादी पार्टी, डिएमकेले पनि विगतका दुई चुनावमा भन्दा उत्साहजनक नतिजा हासिल गरेका छन्। इन्डिया गठबन्धनमा नरहे पनि पश्चिम बंगालकेन्द्रित तृणमूल कंग्रेसले पनि लोकसभामा बलियो उपस्थिति जनाएको छ। राज्यहरूमा विधान सभाको जहाँ चुनाव भएको छ, त्यहाँ एनडिएको भव्य विजय प्राप्त भएको छ।' अरुणाचल प्रदेश, आन्ध्र प्रदेश, उडिसा, सिक्किममा एनडिए गठबन्धनको सरकार बनेको छ यसलाई मोदीले महत्वपूर्ण उपलब्धि मान्नुपर्छ। नेपालको सीमा जोडिएको उत्तर प्रदेशमा कुल ८० लोकसभा सिटमध्ये अघिल्लो निर्वाचनभन्दा भाजपाले कम्तीमा ३० सिट गुमाएको छ। समाजवादी दलले ३४ सिट थपेको छ। यो निर्वाचन सबैको आत्मसमिक्छा गर्न सिकाएको छ। छिमेकी देशसंग सम्बन्ध सुधार भएमा छिमेकी पहिलो भन्ने नीति सान्दर्भिक हुनेछ।

# अचेल लमजुङका गाउँघरमा ढिकीजाँतो देखिँदैनन्



**जनक श्रेष्ठ**
लमजुङ, २९ जेठ/ रासस

यहाँ युवापुस्ताको बेवास्ता र आधुनिक प्रविधिले सहज बनाएसँगै परम्परागत ढिकीजाँतो लोप हुन थालेको छ। केही वर्षअघिसम्म गाउँगाउँमा घरैपिच्छे ढिकीजाँतो हुने लमजुङमा यसको संरक्षण गर्न नसक्दा लोप हुन थालेको हो। ढिँकीजाँतोमा कुटानीपिसानी गर्दा धेरै दुःख र समय लाग्ने, गाउँगाउँमा आएको मिलले छिटोछरितो र सहज हुने भएपछि ढिँकीजाँतो लोप हुने अवस्थामा पुगेको स्थानीयको भनाइ छ। दोर्दी गाउँपालिका-३ श्रीमञ्जाङका ९४ वर्षीय चिजकुमारी श्रेष्ठले आफ्नो जीवनको धेरैवर्ष ढिँकी कुटेर र जाँतो पिनेरै जीवन बिताए पनि पछिल्लो समय लोपहुने अवस्था आएको बताउनुहुन्छ। ढिँकीमा कुटेको धानको चामल, काउनो, साबा साथै जाँतोमा पिनिएको मकैको भात, कोदोको ढिँडो, फाँपरको रोटी तथा ढिँडोले परिवारलाई खुवाएर जीवन धान्दै आएको कुरा अब स्मरणमा सीमित भएको उहाँले सुनाउनुभयो। "विगतमा ढिकीजाँतोमा सङ्घर्ष गरिएका ती दिन र समय अहिले कथा जस्तै भएका छन्। पहिले गाउँमा ढिँकीजाँतो नभएको कुनै घर नै हुँदैन थियो तर अचेल ढिँकीजाँतो देखिन छाडे। अहिले सम्झदा पनि कथा जस्तै लाग्छ", उहाँले भन्नुभयो। दूधपोखरी गाउँपालिकाकी८६वर्षीययमकुमारी गुरुङले पछिल्लो पुस्ताले चासो नदिँदा परम्परागत ढिँकीजाँतो लोप हुने अवस्थामा पुगेको बताउनुभयो। "हाम्रा पालामा सबैले घरमा ढिँकी राख्थे, मकैको बेग्लै, कोदोको बेग्लै जाँतो राख्थे, गाउँमा विकास आयो, धान कुट्ने र पिन्ने मिसिन आयो, अहिले केलाई चाइयो? ढिँकीजाँतो", उहाँले भन्नुभयो, "ढिँकीजाँतोमा कुटानीपिसानी गरिएका उतिबेलाका खानाको स्वाद सम्झदा पनि जिब्रो रसाउँछ। त्यो शौभाग्य अहिलेका चेलीबुहारीले त देख्न पाएनन्।"

त्यस्तै, दोर्दी गाउँपालिका-३ श्रीमञ्जाङका ९४ वर्षीय चिजकुमारी श्रेष्ठले आफ्नो जीवनको धेरैवर्ष ढिकी कुटेर र जाँतो पिनेरै बिताए ती परम्परागत सामान देख्न नपाएको धेरै भइसकेको सुनाउनुभयो। "हाम्रो धेरै समय त्यसैमा बित्यो तर पछिल्लो समय त्यसबाट कुटेका पिसेका खाने कुरा त कल्पनामा सीमित भएका छन्। समय परिवर्तन भएजस्तै हाम्रा मौलिकता पनि हराउन थाले। निकै दुःख लाग्छ", उहाँले गुनासो गर्नुभयो।

ढिकीजाँतो प्रशस्त हुने यस वडास्थित नेवारगाउँ, गैरीगाउँ, लामागाउँ, डाँडागाउँ, दासडाँडा, बाहुनगाउँ लगायतका गाउँमा अहिले देख्नै मुस्किल पर्दै गएको छ। एक हजारभन्दा बढी घरधुरी रहेका ती गाउँमा पाँच/१० वटाभन्दा धेरै ढिँकीजाँतो छैनन्। ढिँकीजाँतो भएका घरमा पनि कमै प्रयोग गर्ने गरेका छन्। त्यस्तै, मर्स्याङ्दी गाउँपालिका-५ घेर्मुका ३५ घरमध्ये अहिले एकाध घरमा मात्र ढिँकी रहेको स्थानीय काम सार्की गुरुङले बताउनुभयो। करिब १०/१२ वर्ष गाउँमा बिजुलीबाट चल्ने मिल आएसँगै ढिकीजाँतो लोप भएको उहाँको भनाइ छ। यसरी परम्परागत ढिँकीजाँतो लोप भए पनि यसको संरक्षण गर्न नसकिएकोमा उहाँले दुःखमनाउ गर्नुभयो। सोही गाउँपालिका-३ ढगैँका स्थानीय पूर्णबहादुर गुरुङले १० वर्षअघिसम्म गाउँका प्रायः सबै घरमा ढिकीजाँतो प्रयोग गर्दै आए पनि अहिले एक दुई जनाको घरमा मात्र रहेको बताउनुभयो। बैँसीसहर नगरपालिका-२ नरुवाल गाउँमा करिब १४ वर्षअघिसम्म प्रत्येक घरमा ढिकीजाँतो थियो। विद्युतीय मेसिन आएसँगै विस्तारै घट्दै गएर छ वर्ष अघिबाट गाउँमा दुई जनाको घरमा मात्रै ढिकीजाँतो रहेको स्थानीय सावित्री रानामगरले बताउनुहुन्छ। "गाउँमा धान कुट्ने मेसिन आयो, सबै खुसी बन्न थाले। ढिकीजाँतोमा धान, मकै कुट्न तथा पिन्नेलाई समय लाग्ने साथै दुःखसमेत धेरै गर्नुपर्ने भएकाले गाउँलेले यस्ता परम्परागत सामग्रीको प्रयोग गर्न छाडे तर हामीलाई त धेरै माया लाग्छ।" विद्युतीय मेलमा एकमुरी धान कुट्नलाई करिब आधा घण्टा लाग्छ तर ढिकीमा बिहानभरिमा पनि धान कुटी नसकिने भएकाले यहाँका स्थानीयले बाध्य भएर ती परम्परागत सामान प्रयोग गर्न छोडेको धेरैको बुझाइ छ।

# १५ वर्षदेखि चित्रकलामा रमाइरहेका छन् पवन





**रासस**
दमौली, २९ जेठ

तनहुँका आँबुखैरेनी गाउँपालिकामा कार्यरत पवन नेपाली चित्रकलामा पोख्त हुनुहुन्छ। फुर्सदको समयलाई सदुपयोग गर्दै उहाँ चित्र बनाइरहनुहुन्छ। गाउँपालिकाले यहाँका विद्यालयमा सञ्चालन गरेको पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत चित्र बनाउने सीप सिकाउने प्रशिक्षकसमेत हुनुहुन्छ नेपाली।

विगतमा फुर्सदको समयलाई सदुपयोग गर्दै चित्रकला बनाउँदै आएकामा पछिल्लो समय पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत आँबुखैरेनी-१ स्थित मित्रता माध्यमिक विद्यालयका २० जना विद्यार्थीलाई चित्रकलाको सीप सिकाउन थालेको उहाँले बताउनुभयो। "चित्र बनाउने पहिल्यैदेखिको सोख हो, अहिले सिकेको सीप गाउँपालिकाका विभिन्न विद्यालयका विद्यार्थीलाई सिकाउन पाउँदा निकै सुसी छु। यसले आम्दानी गर्न पनि सहज भएको छ", नेपालीले भन्नुभयो। नेपालीले ढुङ्गा, पीपलको बोट, नाङ्लोमा चित्र कोरिसक्नुभएको छ। एसएलसी दिएपछि नै चित्रकला सुरु गर्नुभएका उहाँले विगत १५ वर्षदेखि यसलाई निरन्तरता दिएको सुनाउनुभयो। "पहिलेदेखि नै अलिअलि चित्रकोर्ने काम गर्थे तर अलि बढी सक्रिय हुन थालेको १५ वर्ष भयो। सुरुमा त खासै केही लाग्थेन, अहिले भने चित्र बनाउन पाइन भने नराम्रो लाग्छ, यसबाट आनन्दित छु, आम्दानीको स्रोत पनि भइरहेको छ चित्रकला", उहाँ भन्नुहुन्छ।

पहिले शिक्षण पेसामा आबद्ध उहाँ हाल आँबुखैरेनी गाउँपालिकामा कार्यरत हुनुहुन्छ तर फुर्सदको समयमा विद्यालयका बालबालिकालाई सिकाउने र घरमा समेत चित्रकोर्ने गर्नुहुन्छ। उहाँले पछिल्लो पटक आँबुखैरेनी गाउँपालिका-१ स्थित अकला मन्दिर परिसरमा रहेको पीपलको बोटमा बनाएको गणेशको आकृतिले निकै चर्चा कमाएको छ। पर्यटकीय तथा धार्मिक क्षेत्र अकलालाई प्रवर्द्धन गर्ने उद्देश्यसहित रुखमा गणेश आकृति कोरेको उहाँ बताउनुहुन्छ। उहाँले अगाडि थप्नुभयो, "धार्मिक पर्यटकीयस्थल अकला मन्दिर परिसरमा रहेका रुखलाई कसरी आकर्षक बनाउन सकिन्छ भनेर सोच्दा गणेशको आकृति बनाउने सोच आयो। यत्तिकै रहेको रुखलाई सिँगार्ने काम गरेको हुँ। अहिले धेरैले मन पराएको देख्दा खुसी लागेको छ।" आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले चित्रकलामा पोख्त नेपालीको सीपले सबैलाई मोहित तुल्याएको बताउनुभयो। उहाँले भन्नुभयो, "अकला मन्दिर परिसरमा रहेको रुखमा बनाइएको गणेशको आकृतिले यहाँ आउने भक्तजन तथा पर्यटकलाई आकर्षित गरेको छ। आफ्नो सीप विद्यार्थीलाई सिकाउने उहाँको काम सराहनीय छ।"


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्मः १९९७/०८/१८ गते

स्वर्गारोहणः २०८१/०२/२६ गते

**स्व. अमरजङ्ग गुरुङ**

हाम्रो यस पोखरा महानगरपालिका वडा नं. १३ जय नेपाल मार्ग टोल निवासी गिरी प्रसाद गुरुङ र राजु गुरुङका पुजनीय पिता **हनरी क्याप्टेन अमरजङ्ग गुरुङको** ८३ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**निर्मला क्षेत्री**
**अध्यक्ष एवम्**
**जय नेपाल मार्ग टोल विकास संस्था परिवार**
**पोखरा-१३**



# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८१/०२/२९

कास्की जिल्ला झुप्राङ मौजाका २९ का जि.मु. ओखले भदार सिंको रैती सभापति डिल बहादुर गुरुङ जिम्मा मोठ नं. ४४, ७९, ८० को माटो मुरी विजन ।।१,।। ४,।।१ द्र.नं. २९ मा १९९१ सालको मोठमा बाक सि लामाको नाउँमा दर्ता भएको खेत मुरी को जग्गा २०२२ सालको ७ नं. फाँटवारीमा गुम बहादुर तामाङको नाउँमा भरिएको नापी फिल्डबुकमा भिडेको २०३१ साल मंसिर २४ मा गुम बहादुरले राजीनामा गरी लिएको मोठ १०० को दर्ता २६ को लिखत भएको सोही कुरा २०३२ को तिरोमा रैती गुम बहादुर भनि उल्लेख भएको गुम बहादुर तामाङ्गको नाउँमा भरिएको नापी फिल्डबुकमा गर्लाङ्गछहरेपानी ३ को कि.नं. २९६, ११० र ४४३ क्षे.फ. क्रमश १-०-१-३,०-३-०-३ र ३-८-३-३ का जग्गाहरु निज गुम बहादुर तामाङ्गको अविवाहीत अवस्थामा नै मिति २०६८/०७/१९ मा आफ्नै कालगतिले मृत्यु भएकोले मृतक जग्गाधनी पछिको सबैभन्दा नजिकका हकदार हामी निवेदक भाई / भाई बुहारी भएको हुँदा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला साविक अर्मला गा.वि.स. वडा नं. ५ हाल पोखरा म.न.पा. वडा नं. १६ बस्ने पस बहादुर तामाङ र केश बहादुर लामाको श्रीमती कुमारी लामाको संयुक्त माग निवेदन भएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गएमा यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको नाम |
|---|---|---|---|---|---|---|---|
| कास्की | गर्लाङछहरेपानी | ३ | २९६ | १-०-१-३ | मकै | सिम | गुम बहादुर तामाङ |
| कास्की | गर्लाङछहरेपानी | ३ | ११० | ०-३-०-३ | घर | दोयम | |
| कास्की | गर्लाङछहरेपानी | ३ | ४४३ | ३-८-३-३ | मकै | सिम | |

ईति संवत २०८१ साल जेठ २९ गते रोज ३ शुभम्।

# यता हेर्‍यो सिक्लेस, उता हेर्‍यो ताङतिङ

**रामबहादुर थापा**
पोखरा, २९ जेठ/ रासस



हिउँचुलीको काखमा झुरुप्प परेका बस्ती । वरिपरि हरिया वनपाखा र खर्क । सिरसिरे लेकाली हावा । उस्तै चराको चिरबिर । तलपट्टि सुसाइरहेको मादी खोला । यस्तो लाग्छ सिक्लेस र ताङतिङको भूगोल आफैमा चित्रमय छ । हरेक ऋतुकालमा भिन्न विशेषतामा खुल्ने यी गुरुङ बाहुल्य गाउँ प्रकृति र संस्कृतिका सङ्गम हुन् । ग्रामीण पर्यटनका अनुपम धरोहर हुन् ।

अन्नपूर्ण हिमालको फेदबाट बहने कास्कीको मादी खोलाले सिक्लेस र ताङतिङलाई दुईतिर छुट्याएको छ । मादी गाउँपालिका-१ मा सिक्लेस र २ मा ताङतिङ पर्छ । पर्यटकीय राजधानी पोखरादेखि नजिकको दुरीमा रहेका दुवै गाउँ घुमफिरका लागि चल्तीका गन्तव्य हुन् । सहरको कोलाहलबाट उम्केर केही घण्टामै पुग्न सकिन्छ, सिक्लेस र ताङतिङ । जहाँ न्यानो र आत्मिय आतिथ्यता प्राप्त हुन्छ ।

मनोरम प्रकृतिसँगै गाउँले परिवेश, रहनसहन, रैथाने खाना र आतिथ्य संस्कारले त्यहाँ पुग्ने पर्यटकलाई सजिलै लोभ्याउँछ । एकै बान्कीका घर, ढुङ्गा र जस्ताका छाना । ढुङ्गाकै आँगन र बाटो । पुरानो वास्तु झल्काउने झ्यालढोका । स-साना गल्ली, गल्छेँडा र तगारा ती गाउँका सौन्दर्य हुन् । व्यस्त दैनिकी छलेर त्यहाँ पुग्ने जो कोहीले तनाव भुल्छन् । प्रकृति र संस्कृतिमा नजर अड्याउँछन् अनि मन शान्त पार्छन् । पोखरादेखि ४१ किमि दुरीमा सिक्लेस र २७ किमि टाढा ताङतिङ गाउँ अवस्थित छ । सिक्लेसबाट ताङतिङ पूर्व र ताङतिङबाट सिक्लेस पश्चिमपट्टि पर्छ । बिहान र दिउँसोमा चिटिक्क देखिने यी गाउँलाई रातमा भने बिजुलीले झलमल्ल पारेको हुन्छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा पर्ने यी गाउँ पदयात्राका लागि बढी लोकप्रिय छन् । सिक्लेसका पर्यटन व्यवसायी धन गुरुङले सिक्लेस-कपुचे-कोरी पदमार्ग सञ्चालनमा आएपछि पर्यटकको आउजाउ झनै बढ्न थालेको बताउनुभयो । "बर्खा लागेपछि अन्यत्र 'अफसिजन' सुरु हुन्छ, कोरीमा भने यही बेला बढी पर्यटक बढ्छन्", उहाँले भन्नुभयो, "कोरी र आसपासको क्षेत्र अहिले भुइँफूलले ढाकिएको छ, मनसुन ट्रेकमा रमाउनेका लागि कोरी उपयुक्त हो ।" पदयात्री सिक्लेसबाट अन्नपूर्ण हिमालको काखमा रहेको कपुचे हिमताल हुँदै तीन हजार आठ सय मिटरको कोरी लेक पुग्ने गरेको गुरुङले बताउनुभयो । सिक्लेसबाट तस हुँदै कोरी र कपुचे हिमताल हुँदै कोरी जाने दुईटा पदमार्ग छन् । कोरी ट्रेक तीन दिनमा घुम्न सकिन्छ । पर्यटकीय गतिविधि बढेपछि कोरीमा होटल खुलेका छन् । पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने सञ्चार सामग्री, युट्युबलगायतका सञ्चारमाध्यम त्यस क्षेत्रलाई उजागर गरिदिएपछि पर्यटकको थप आकर्षण बढेको पर्यटन व्यवसायी गुरुङले बताउनुभयो । मादी-१ का वडाध्यक्ष देवीजङ्ग गुरुङले दुई दशकअघि सिक्लेसमा पर्यटन व्यवसायको जग बसेको बताउनुभयो । "पहिले सामुदायिक हिसाबले होमस्टे थिए, पर्यटकको सङ्ख्या पनि न्यून हुन्थ्यो", उहाँले भन्नुभयो, "पछिल्लो समय सिजनमा त गाउँ नै पर्यटकले भरिभराउ हुन्छ, यहाँ आन्तरिक पर्यटक नै बढी आउँछन् ।" सिक्लेसमा महिनामा ५०/६० जनासम्म विदेशी पर्यटक आएको तथ्याङ्क अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)सँग छ ।

वडाध्यक्ष गुरुङका अनुसार सिक्लेस, कोरीलगायतका क्षेत्रमा दर्जनौँ होमस्टे र होटल सञ्चालनमा छन् । होटल व्यवसायमा लगानी थपिने क्रम बढ्दो छ । सिक्लेस-ताराहिल-घलेखर्क नयाँ इको ट्रेक सञ्चालनका लागि पूर्वाधार तयारीको काम भइरहेको छ । सिक्लेस-खिलाङ-चिप्लीसम्म पनि पदमार्ग निर्माण भइरहेको वडाध्यक्ष गुरुङले जानकारी दिनुभयो । "पहिले गोठालाहरु लेक र खर्क जाँदा हिँड्ने गरेको बाटोलाई नै पदमार्गका रुपमा विकास गर्न लागेका छौँ", वडाध्यक्ष गुरुङले भन्नुभयो, "पर्यटकीय पूर्वाधार निर्माणमा प्रदेश सरकार र गाउँपालिकाको सहयोग छ ।" सिक्लेसलाई नेपालको शान्ति प्रकृयाको प्रस्थानबिन्दुका रुपमासमेत लिने गरिएको उहाँले सुनाउनुभयो । विसं २०६३ असार २ गते तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' भूमिगत राजनीतिपछि पहिलोपटक सिक्लेसमा सार्वजनिक हुनुभएको थियो । त्यसको केही महिनापछि विस्तृत शान्ति सम्झौता भएको थियो । जनयुद्धको बैठानसँगै शान्ति प्रकृयाको प्रस्थानबिन्दुका रुपमा लिइने सिक्लेसमा शान्ति स्मारक पनि बनेको छ । सिक्लेस पुग्ने पर्यटक गुरुङ सङ्ग्रहालय, शान्ति स्मारक, सिक्लेस पार्क, हिमालको दृश्यावलोकन, गुरुङ जातिको मन्दिर, मौलिक संस्कृति, वेषभूषा, झाँकी, नाचगीत आदिमा रमाउँछन् । पदयात्रा रुचाउने पर्यटकले छोटो र लामो दुरीको पदयात्रा तय गर्छन् । पोखरादेखि दुई/अढाई घण्टाको मोटरयात्रामा सिक्लेस पुगिन्छ । पोखरा-सिक्लेस सडक स्तरोन्नति भइरहकाले यातायात सेवा पनि सहज बनेको छ । सिक्लेस र ताङतिङको पैदल दुरी तीन घण्टा जतिको छ । दुई हजार मिटर उचाईमा सिक्लेस र १७ सय मिटरमा ताङतिङ अवस्थित छ । दुवै गाउँका घरका बनोट र बान्की उस्तैउस्तै छन् । सिक्लेसमा चार सयभन्दा बढी छन् भने ताङतिङमा त्यसको झण्डै आधा । दुवै गाउँमा ९५ प्रतिशत गुरुङको बसोबास छ । ताङतिङ सामुदायिक घरबास सञ्चालक समितिका अध्यक्ष तिलशोभा गुरुङले गाउँमा १५ होमस्टे र छ होटल सञ्चालनमा रहेको जानकारी दिनुभयो । होमस्टेमा आन्तरिक पर्यटकका लागि रु एक हजार दुई सयको दैनिक प्याकेज छ । जसमा एक छाक खानामासु, एक छाक सादा खाना, बिहान/बेलुकाको खाजा र एक रात सुत्न पाइन्छ । "खानामा घरगाउँको आटोढिँडो, गुन्द्रुक, मकै, भट्ट, आलु, लोकल कुखुराको मासु हुन्छ, अहिले निउरोको सिजन छ, हाम्रो भान्छामा निउरो टुट्दैन", होमस्टेका अध्यक्ष गुरुङले भन्नुभयो, "सिजनअनुसार गाउँमै उत्पादनका परिकार पाहुनालाई खुवाउँछौँ, पाहुनाको रुची अनुसार अरु परिकार पनि पकाउँछौँ ।" पेय पदार्थमा पनि घरेलु उत्पादनलाई नै पाहुनाले बढी रुचाउने गरेका छन् । पर्यटकको मनोरञ्जनका लागि सती घाटुलगायत मौलिक नाच र गीतसङ्गीत प्रस्तुत गर्ने गरिएको उहाँको भनाइ छ । मादी-२ का वडाध्यक्ष भोजबहादुर गुरुङले कर्पुडाँडा, कालीलेख, दूधपोखरी, कपुचे, कोरीलगायत त्यहाँका पर्यटकीय महत्वका बोकेका ठाउँ हुन् । गुरुङ जातिको उद्गमस्थल मानिने क्होलासौँथार पनि सोही वडाको साँधमा पर्छ । ताङतिङबाट धेरैतिर पदयात्रा गर्न सकिने उहाँले बताउनुभयो । "कास्की, लमजुङ र मनाङको सीमामा पर्ने दूधपोखरी यहाँको महत्वपूर्ण गन्तव्यस्थल हो, जनैपूर्णिमा त्यहाँ ठूलो मेला लाग्छ", वडाध्यक्ष भोजबहादुरले भन्नुभयो, "ताङतिङ भएर कपुचे, कोरीलगायत ठाउँको पदयात्रा पनि गर्न सकिन्छ ।" ताङतिङको पर्यटनलाई उकास्न योजनाबद्ध विकासको खाका कोर्ने काम भइरहेको उहाँले बताउनुभयो । "मादी गाउँपालिकामा पर्ने सबै पर्यटकीय गन्तव्यस्थलाई समेटेर बृहत् पर्यटन गुरुयोजना बनाउन आवश्यक छ", उहाँले भन्नुभयो, "पर्यटकीय पूर्वाधार र प्रवर्द्धनमा ध्यान दिन सकियो भने यस क्षेत्रले पर्यटन व्यवसायबाट ठूलो लाभ उठाउन सक्छ ।" पुस्तौँदेखि कृषि र पुशपालनमा रमाएका ताङतिङबासीको पेसामा अहिले पर्यटन व्यवसाय पनि जोडिएको छ । ताङतिङबाट लमजुङको भुजुङ, घलेगाउँदेखि मनाङसम्म पदयात्रा गर्न सकिने वडाध्यक्ष भोजबहादुरले बताउनुभयो । हिउँदमा दन्तेलहर झैँ देखिने हिमशृङ्खला र वर्षात्मा झरी र बादलको लुकामारीले सिक्लेस र ताङतिङको सौन्दर्य उसैगरी खुल्छ । अन्नपूर्ण दोस्रो र लमजुङ हिमालले यी गाउँको शोभा बढाएका छन् । लेक र खर्कतिर रहेका स-साना तलाउ, कुण्ड र झरनाले पनि पर्यटकलाई तान्ने गरेका छन् । निगालोबाट बन्ने डोको, सेखु, मान्द्रा, चित्रा जस्ता घरेलु उत्पादनका सामग्री त्यहाँ बन्छन् । महिलाहरुले पिँढीमा तान लगाएर अल्लो र ढाकाका कपडा बुनेको दृश्य लोभलाग्दो देखिन्छ । विशेष गरी चाडबाडको याम र सार्वजनिक बिदाका दिनमा ती गाउँमा पर्यटकको चहलपहल अघिपछिको दाँजोमा बढी हुन्छ । जागिरे, व्यवसायीलगायत सप्ताहन्त मनाउन त्यहाँ पुग्छन् । विद्यालय र विभिन्न संघसंस्थाले अवलोकन भ्रमणका लागि पनि सिक्लेस र ताङतिङ लैजाने गरेका छन् । "गाउँले जनजीवन, संस्कृति, रहनसहन र पदयात्राको आनन्द बटुल्न पर्यटक यहाँ आउँछन्", वडाध्यक्ष गुरुङले भन्नुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २६ भाटको पाल्लो बस्ठेथर ठूलावन बाटो स्तरोउन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः भाटको पाल्लो बस्ठेथर ठूलावन बाटो स्तरोउन्नति
ठेगानाः पोखरा-२६, भाटको पाल्लो ।
योजना सम्झौता मितिः २०८०/११/१८ गते
योजना शुरु हुने मितिः २०८०/११/२३ गते
योजना सम्पन्न मितिः २०८१/०२/२० गते
योजनाको कुल लागतः रु. ७,२६, ७९४/९०
महानगरपालिकाबाटः रु. ७,००,०००/-
जनसहभागिताबाटः रु.७२,२२२/२२
अध्यक्षः चिन्तामणी बस्ताकोटी
सचिवः सूर्यराज बस्ताकोटी

**भाटको पाल्लो बस्ठेथर ठूलावन बाटो स्तरोउन्नति उपभोक्ता समिति पोखरा-२६, भाटको पाल्लो**



## दुवै नाम थरको व्यक्ति एउटै भएको सूचना

बागलुङ जिल्ला साविक लेखानी गा.वि.स वडा नं ३ हाल काठे खोला गाउँपालिका वडा न ८ निवासी ३/१ जि.आर भारतबाट सेवा निवृत्त भु.पु.न. ५०४३३४३ हवल्दार यम बहादुर पुनको नेपाली नागरिकताको प्रमाणपत्र अनुसारको नामथर एम बहादुर पुन भई नाम फरक देखिएको साथै मेरो नोकरी अभिलेख अनुसार श्रीमतीको नामथर दिर्घ कुमारी पुन र निजले प्राप्त गरेको नेपाली नागरिकता प्रमाण पत्र अनुसार डिल कुमारी पुन भई हामी दुवै पति पत्निको नाम फरक देखिन गएता पनि यम बहादुर पुन तथा एम बहादुर पुन र दिर्घ कुमारी पुन तथा डिल कुमारी पुन भन्ने फरक फरक व्यक्ति नभई एउटै पति पत्नि भएको हुदाँ यो सुचना प्रकाशन गरिएको छ ।



## Certification of Pension Red Book हरायो

**मेरो बृटिस गोर्खा** The Brigade of Gurkhas (6GR) **को** Certification of Pension Red Book **डेमसाईडबाट बगर जाँदा हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

**नामः हस्तजङ्ग गुरुङ**
Name: Hasta Jang Gurung
Army No : 21161011
The Brigade of Gurkhas (6GR)
Certification of Pension Red Book
**ठेगानाः सैमन्याङ-८, कास्की**
**सम्पर्क नं.: ९८१८७३४६३३**


# ग्रामीण जनजीवनलाई जीवित राखेका बागलुङको दिजगाउँ

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ जेठ

नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन क्षेत्रमा पर्ने दिजगाउँले ग्रामीण जनजीवनलाई जीवित राखेको छ । ढोरपाटन नगरपालिका-९ मा पर्ने यो गाउँ शान्त वातावरण, स्वच्छ हावापानी र मनोरम प्राकृतिक सुन्दरताले भरिए पनि विकासका हिसाबले भने निकै पछाडि परेको छ । तर पनि यहाँको मौलिकताले पर्यटकलाई पर्खिरहेको छ । दिजगाउँ प्रकृति र मौलिकतासँग रमाउन चाहनेका लागि उत्कृष्ट गन्तव्य हो । ढोरपाटन उपत्यका हुँदै निसेलढोर जाने सडकको पारिपट्टि रहेको यस गाउँका स्थानीयको आफ्नै परम्परा, कला, संस्कृति र रीतिरिवाज छन् । मगर समुदायको बाहुल्यता रहेको दिजगाउँमा काठबाट बनेका घरहरूमात्रै छन् । परम्परादेखि नै काठका घरमा बस्दै आएका स्थानीय अहिले पनि मौलिकताको संरक्षण गर्दै आएका छन् । गाउँमा स्वास्थ्य, शिक्षा, खानेपानी र विद्युत्को पहुँच नपुगे पनि गाउँको सुन्दरताका कारण यहाँ पुग्न हरेक पर्यटक लालायित हुन्छन् । यस गाउँ ढोरपाटन उपत्यका नजिकै रहे पनि अहिलेसम्म आधुनिकताले जोडिन सकेको छैन । ढोरपाटन उपत्यका क्षेत्रमा पछिल्लो समय नयाँ शैलीका घर भवन बन्दै गएका छन् । सामान्य आधार भूत सेवासमेत नपुगेको गाउँका स्थानीय खेतीपाती र पशुपालन गरी जीविकोपार्जन गर्दै आएका छन् ।

झण्डै एक दशक अगाडि निसेलढोर जोडिने सडकले गाउँलाई नछोए पनि उत्तरगङ्गा नदी पार गरेर गाडीको सुविधा भने पाउन सक्छन् । मौलिकता र प्राकृतिक सुन्दरताको सङ्गम रहेको दिजगाउँमा बेलाबखत आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गर्छन् । अझ बढी त बर्खाको समय पदयात्र गर्दै युवायुवती यहाँ जाने गरेका छन् । भौगोलिक विकटताका र प्रचारप्रसार कमीले ओझेलमा रहेको यस गाउँमा पछिल्लो केही वर्षयता भने धेरैको नजर पुग्न थालेको छ । निसीखोलाबाट निसेलढोर जाने मुख्य बाटोमै दिजगाउँ पर्ने हुँदा पर्यटकले यस गाउँको सुन्दरताको स्वादन गर्नेछन् । गाउँमा पर्यटक आएर बास बस्न खोजे पनि विद्युत् नहुँदा नबसी जाने गरेको स्थानीय मनकुमारी घर्तीमगरले बताउनुभयो । गाउँमा रहेको काठका घर हेर्न समय-समयमा विदेशी पर्यटक पनि आउने गरेको उहाँ बताउनुहुन्छ । धेरैजसो ढोरपाटन र निसीखोलाबाट पैदलयात्रामार्फत निसेलढोर पुग्ने मानिस दिजगाउँमा आउने घर्तीमगरले बताउनुभयो । गाउँमा खानेपानी र बिजुली नहुँदा आफूहरूले समस्या भोग्नुपरेको उहाँको भनाइ छ । सरकारले दिजगाउँलाई प्राथमिकता दिएर विकास गरे विदेशी पर्यटकका लागि उत्कृष्ट गन्तव्य बन्ने घर्ती मगरले बताउनुभयो । विद्युत् ल्याउन पोल गाडे पनि अहिलेसम्म लाइन तान्ने कार्य भएको छैन, बिजुलीमात्रै आए पनि गाउँको मुहार फेरिने उहाँ बताउनुहुन्छ । यस क्षेत्रमा हिउँदको बेला बढी चिसो हुने हुँदा बर्खाको समय बढी मान्छे घुम्न आउँछन् । गाउँभन्दा पारिपट्टि निसेलढोर जोड्ने सडक सञ्चालनमा रहेको हुँदा युवायुवती मोटरसाइकलमा समेत पुग्छन् । यतिबेला गर्मी बढेको हुँदा बुटवल, चितवन र गुल्मीबाट धेरै युवा घुम्न आउने गरेका छन् । गुल्मी घर भई बुटवलमा पढ्दै आउनुभएका विनोद भण्डारीले दिजगाउँसहित निसेलढोर क्षेत्र घुम्न आएको बताउनुभयो । छजनाको समूहमा यहाँ आएको सुनाउँदै तीन दिन ढोरपाटनसहितका क्षेत्र घुम्ने योजना रहेको सुनाउनुभयो । ढोरपाटन आएको दोस्रो दिन दिजगाउँ पुगेको भन्दै यस गाउँले आफूहरूलाई मोहित बनाएको उहाँले सुनाउनुभयो ।

ढोरपाटन -९ का अध्यक्ष खीमबहादुर घर्तीमगरले यस गाउँको मौलिकता संरक्षण गरी राख्ने बताउनुभयो । गाउँको काठेका घरले धेरै पर्यटकलाई आकर्षित गरिरहेको जनाउँदै विस्तारै विकासले जोडिन थालेको उहाँको भनाइ छ । टाढा-टाढाबाट घुम्न आउने पर्यटकलाई लक्षित गरी दिजगाउँमा घरबास सञ्चालन गर्ने योजना रहेको सुनाउँदै यसका लागि नगरपालिकासहित प्रदेश र केन्द्र सरकारको पनि सहयोग हुनुपर्ने अध्यक्ष घर्तीमगर बताउनुहुन्छ । गाउँमा सडक पुर्‍याउन प्रयास गरे पनि सिकार आरक्षको अवरोधका कारण हालसम्म पुर्‍याउन नसकिएको उहाँको भनाइ छ ।

अध्यक्ष घर्ती मगरले भन्नुभयो, "अहिलेसम्म यो गाउँ अन्धकार छ, विद्युत् पुर्‍याउन ढोरपाटन भुजीखोला लघुजलविद्युत् आयोजनाबाट तयारी गरिरहेका छौँ, अहिले पोल गाड्ने काम भइसकेको छ, अब छिट्टै लाइन तानेर विद्युत् सञ्चालन गर्नेछौँ, खानेपानीको समस्या छ, त्यसका लागि पनि खानेपानी कार्यालय बागलुङबाट काम हुँदैछ, सडक पुर्‍याउन साविक बोबाङ गाविस हुँदादेखि नै बजेट छुट्याएर काम अगाडि बढाएका थियौँ, सिकार आरक्षले अवरोधका कारण अहिलेसम्म पुग्न सकेको छैन, अब हाम्रो ध्यान यहाँको मौलकता जोगाउने र घरबास सञ्चालन गर्नेतर्फ हुनेछ ।"

# गण्डकीका यातायात कार्यालयमा अनलाइन सेवा विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ जेठ

गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले सवारी दर्ता र नामसारीसम्बन्धी अनलाईन सेवा विस्तार गरेको छ । यसअघि कास्कीस्थित यातायात व्यवस्था कार्यालय सवारीमा सुरु भएको सवारी साधनको दर्ता र नवीकरण गर्न प्रयोग गरिने अनलाईन (ईभिआरएस) सेवा पछिल्लो पटक बागलुङ, नवलपुर र डुम्रेमा रहेको कार्यालयमा पनि विस्तार गरिएको छ ।

मन्त्रालयको यातायात शाखा प्रमुख अनिल सुवेदीले गण्डकी प्रदेशमा रहेका सबै यातायात कार्यालयबाट सेवाग्राहीले अनलाईनमार्फत नयाँ सवारीसाधन दर्ता र नवीकरणको आवेदन दिन पाउने व्यवस्था मिलाइएको जानकारी दिनुभयो । "कार्यालयमा सेवाग्राहीको भीड घटाउने र तेस्रो व्यक्तिको सहयोग लिनुपर्ने बाध्यता हटाउन इभिआरएस प्रणाली विस्तार गरेका हौँ," सुवेदीले भन्नुभयो "सवारीसाधन दर्ता प्रमाणपत्र, (ब्लूबुक) नवीकरणका लागि घण्टौँ लाइन बस्नुपर्दा हुने झन्झट हटाउने र भीड घटाउन यो सेवा प्रभावकारी देखिएको छ ।" अनलाइन सेवा सुरु भएपछि सेवाग्राहीलाई सवारीसाधन नामसरी र नवीकरणको काममा सहज भएको छ । सवारी जाँचपाँस र रुट इजाजतबाहेकका सेवा अनलाइनमार्फत दिन थालिएको हो । सबै कागजात अनलाईनबाट प्रविष्ट गराएर कार्यालयमा जाँने वित्तिकै काम सकेर फर्किएको बेनी नगरपालिका-२ का भीमबहादुर रिजालले बताउनुभयो ।

यसैगरी बागलुङ, नवलपुर र डुम्रेको यातायात कार्यालयमा रहेका सवारी साधनको अभिलेख र सबै कागजातसहितको विवरण स्क्यान गरेर सफ्टवेयरमा प्रविष्ट गराउन थालिएको छ । बागलुङ र नवलपुरमा थप जनशक्तिमार्फत डिजिटलाईजेशनको काम भइरहेको छ । डुम्रेमा दर्ता भएका सवारीसाधनको सङ्ख्या कम भएकाले कार्यालयकै जनशक्तिमार्फत काम भइरहेको मन्त्रालयले जनाएको छ । कार्यालयलाई फाइल तथा ढड्डामुक्त बनाउँदा सवारीसाधन दर्ता र नवीकरणसम्बन्धी सेवालाई छिटो, झन्झटमुक्त र अभिलेखलाई व्यवस्थित बनाउन सकिने यातायात व्यवस्था कार्यालय बागलुङका प्रमुख गुमादेवी शर्माले बताउनुभयो । बागलुङमा तीस हजार र नवरपुरमा १५ हजार बढी सवारीसाधन दर्ता भएका छन् । यसअघि यातायात व्यवस्था कार्यालय कास्की (सवारी) मा दर्ता भएका तीस लाख सवारी साधनको ७३ लाख चित्रलाई स्यान गरेर 'ट्रान्सपोर्ट म्यानेजमेन्ट' सफ्टवेयरमा राखिसकिएको छ । सबै विवरण सफ्टवेयरमा हेर्न पाउने भएपछि सेवाग्राही घण्टौँ लाइन बस्नुपर्ने समस्या हटेको, फाइल र ढड्डा खोज्दा हुने समयको बचत, जनशक्तिलाई कामको भार कम पर्ने र कार्यालय व्यवस्थित बनेको यातायात व्यवस्था कार्यालय कास्की (सवारी)का प्रमुख डिल्लीराम रिजालले बताउनुभयो । सबै फाइलहरू विद्युतीय अभिलेखीकरण भएपछि फाइल, ढड्डा हराउने, सेवाग्राहीलाई असहजता हुने अवस्थाको अन्त्य हुने उहाँले बताउनुभयो । फाइलहरूलाई विद्युतीय अभिलेखीकरण गरेपछि दराजमा राखिएको फाइल खोजी रहनुपर्ने समस्या पनि अन्त्य हुने छ । कार्यालयमा भीड घटाउन बिहान ८ बजेदेखि नै सेवा सञ्चालन गरेको यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) कास्कीका नायब सुब्बा नवीन क्षेत्रीले लाइसेन्सको लाइसेन्स नवीकरणको राजस्व पनि अनलाईनमै तिर्न सकिने बताउनुभयो । बिहानी सत्रमा नयाँ सवारी चालक अनुमति पत्रको आवेदन पेस गर्ने, लाइसेन्स वितरण, वर्ग थप गर्ने, वायोमेट्रिक गर्ने, राजस्व तिर्ने, मेडिकलसम्बन्धी सेवा दिने गरिएको उहाँले बताउनुभयो ।